त्रिभुवन विश्वविद्यालय
नेपाल ल क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौं

पत्र संख्याः ....................

च.नं.: ................................

मिति : २०७८/०१/०८

## कोभिड -१९ को संक्रमण बढी रहेको सन्दर्भमा नेपाल ल क्याम्पसको जरूरी सूचना ।

उपर्युक्त सम्बन्धमा नेपालमा कोभिड-१९ को संक्रमण बढ्दै गएको सन्दर्भमा त्रिभुवन विश्वविद्यालय, रजिष्ट्रारको कार्यालय, सूचना तथा जनसम्पर्क महाशाखा, कीर्तिपुर, काठमाडौंको मिति २०७८/०१/०७ गते नेपाल सरकारले कोभिड अति प्रभावित क्षेत्र भनी वर्गीकरण गरेका जिल्लाहरुमा सैद्धान्तिक कक्षाहरु अनलाइनका माध्यमबाट सञ्चालन हुने भनी सूचना प्रकाशित गरेकोले यस क्याम्पसमा विद्यार्थीहरुको भौतिक उपस्थितिमा सञ्चालन भइरहेका विभिन्न तहका सैद्धान्तिक कक्षाहरु मिति २०७८/०१/०९ गतेदेखि स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै एलएल.एम. र बी.ए.एलएल.बी. तहका कक्षाहरु पूर्ववत् रुपमा अनलाइनबाट सञ्चालन भइरहेकोमा एलएल.बी. तर्फका नियमित कक्षाहरु पनि यहि मिति २०७८/०१/१५ गते देखि **Microsoft Office 365, Team Apps** बाट सञ्चालन हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**पुनश्चः** एलएल.बी. तह-२०७५/०७६ समूह प्रथम वर्ष र एलएल.बी. तह-२०७४ समूह तृतीय वर्षमा अध्ययनरत विद्यार्थीहरुले त्रिभुवन विश्वविद्यालयबाट उपलब्ध ईमेल खाता प्राप्त गर्न **mek.rana@nlc.tu.edu.np** मा आफ्नो नाम, यस क्याम्पसको भर्ना रोल्न नं. र ऐच्छिक विषय समेत स्पष्ट खुल्ने गरी इमेल पठाउनु हुन अनुरोध छ ।

..........................
डा. डी.एन. पराजुली
क्याम्पस प्रमुख

क्याम्पस प्रमुख

फोनः ९७७-०१-४२२५३५८, फ्याक्सः ९७७-०१-४२३२२३०७, इमेलः info@nlc.edu.np वेभसाईटः www.nlc.edu.np